
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : ६४ पृष्ठ : ४ २०७७ असोज १ गते विहीबार (Thursday 17 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

• प्याजमा कालोबजारी •

## सिरहाका विभिन्न हाटबजारमा प्याजको भाउमा व्यापारीको मनोमानी

**लहान** । भारतले प्याज निर्यात बन्द गरेपछि सिरहाको लहान लगायत विभिन्न हाट बजारमा व्यापारीले भाउमा मनोमानी गरि रकम असुलेका छन् ।

मंगलबारसम्म प्रतिकिलो ५० रूपैयाँसम्ममा बिक्री भएको प्याज २४ घण्टा नबित्दै बुधबार १ सय २० रूपैयाँसम्म सिरहाका बजारमा व्यापारीले बिक्री गरेका छन् । उनीहरूले प्याज निर्यात बन्द भएको भन्दै भाउ कसेका हुन । अनुगमन नहुँदा उपभोक्ता महंगो मूल्य तिरेर प्याज किन्न बाध्य छन् ।

बुधबार बिहान प्याज किन्न लहानस्थित नयाँ बजार पुगेका गृहिणीहरूले दुई दिनभित्र शतप्रतिशतभन्दा बढीले प्याजको भाउ बढाइएको गुनासो गरेका छन् । उनीहरूका अनुसार मंगलबार बिहान प्रतिकिलो ४५ देखि ५० रूपैयाँसम्ममा प्याज बिक्री भएकोमा बुधबार बिहान १ सय २० रूपैयाँ पुऱ्याइएको छ । 'सोमबारको हटियामा प्याज ५० रूपैयाँ किलो थियो, तर बुधबार विहान नयाँ बजार हटियामा त्यही प्याजलाई १ सय २० रूपैयाँ किलोमा किन्नु पऱ्यो,' लहानका कुन्जना थापाले भनिन्, 'बजारको भाउ सुन्दा छक्क परे महंगो भएपनि किनेर ल्याए ।'

उता व्यापारीहरूले भने भारतबाट प्याउन आउन छोडेपछि बजारमा प्याजको अभाव भएको बताएका छन् । उनीहरूले बाध्य भएर महंगोमा बेच्न बाध्य भएको बताएका छन् । प्याज बिक्रेता एक व्यापारीले बजारमा प्याज नै नभएको र भएको प्याज बिक्री गर्दा बढी मूल्य नलिएको दाबी गरे । 'थोकमा ८० रूपैयाँमा बिक्री भएको एक सय पुगेको छैन, बजारमा प्याज एक दम कम छ,' ती व्यापारीले भने । नेपाली प्याज बजारमा नभएको र भारतकै भर पर्दा समस्या परेको उनले सुनाए ।

बजारमा भारतबाट ३५ टन प्याज आएको थियो । बिगतको प्याजको आयात हेर्दा नेपाली बजार प्याजका लागि भारतमै निर्भर छ । दुई महिनामा ३४ सय टन प्याज बजार भित्रिदा जम्मा तीन टन मात्रै नेपाली प्याज आएको थियो ।

**७ पसल सिल**

प्याजको मूल्यमा चर्को कालाबजारी भएको गुनासो उपभोक्ताले गरेपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले कालीमाटी तथा बल्खु तरकारी बजारको स्थलगत अनुगमन गरेका छन् ।

त्यसक्रममा मन्त्री भट्टले बल्खुका ७ वटा पसलमा प्याजको मूल्य अनुगमन गरेका थिए । अनुगमनका क्रममा ति पसलहरूमा अघिल्लो दिनसम्म ७५ रूपैयाँ बेचिएको प्याज एक सय १० रूपैयाँमा बिक्री भइरहेको पाइएको थियो ।

प्याज लुकाएको, बढी मूल्यमा बिक्री गरेको जस्ता कैफियत पाइएपछि ७ वटा पसल सिल गरिएको र आवश्याक कारबाहीका लागि वाणिज्य विभागको जिम्मा लगाइएको छ । यस्तै प्याज लुकाउन प्रयोग भएको एउटा पिक-अप भ्यानलाई नियन्त्रणमा लिइएको छ ।



### बढी मूल्यमा बिक्री गर्ने चार जना पक्राउ

*भारतले निर्यातमा प्रतिबन्ध लगाएसँगै प्याजको मूल्य बढाएर बिक्री गरेको अभियोगमा काठमाडौंबाट चार जना पक्राउ परेका छन् ।*

*उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट सहित वाणिज्य विभागका अधिकारीहरूले गरेको अुनगमनका क्रममा अस्वभाविक मूल्य लिएर प्याज बेचेको पाइएपछि उनीहरु पक्राउ परेका हुन् ।*

*प्रहरीका अनुसार पक्राउ पर्नेमा काभ्रे घर भई काठमाडौं-१४ बस्ने ३० वर्षीय सुनिल केसी, ३१ वर्षीय उपेन्द्र केसी, काठमाडौं-२० का ४६ वर्षीय सर्दिप तण्डुकार र बारा घर भई काठमाडौं-१३ बस्ने ५० वर्षीय हरिनारायण शाह कलवार छन् ।*

*उनीहरूलाई महानगरीय प्रहरी वृत्त, कालिमाटीको हिरासतमा राखिएको छ । पक्राउ परेका सबै जनालाई कालोबजारी ऐन अनुसार कानुनी कारबाही प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ ।*

*उनीहरूले प्रतिकिलो एक सय ३० रूपैयाँसम्ममा प्याज बेच्ने गरेको पाइएको थियो । सोमबारसम्म बजारमा प्याजको मूल्य प्रतिकिलो ७६ रूपैयाँ थियो ।*

## सिरहा कारागारमा २ सय ५९ संक्रमित थपिए

• *संक्रमितको संख्या ५ सय ७ पुग्यो*

**सिरहा** । सिरहा कारागारमा बुधबार २ सय ५९ जना कोरोना संक्रमित थपिएका छन् । यससँगै कारागारमा कोरोना संक्रमितको संख्या ५ सय ७ पुगेको छ ।

स्वास्थ्य कार्यालय सिरहाका कोभिड श्रोत व्यक्ति अम्देश्वर चौधरीका अनुसार प्रादेशिक प्रयोगशाला जनकपुरमा भएको स्वाब परीक्षणको नतिजामा बुधबार सिरहा कारागारका २ जना ५९ जनामा कोरोना संक्रमण पुष्टी भएको हो । कारागारमा रहेका २ सय ६९ कैदीबन्दीको स्वाब परीक्षण गर्दा बुधबार २ सय ५९ जनामा संक्रमण पुष्टी भएको चौधरीले जानकारी दिए ।

सिरहा कारागारमा दुई आश्रित बालबालिका सहित ५ सय ९७ कैदीबन्दी छन् । तीमध्ये ५ सय ७ जनामा कोरोना संक्रमण भइसक्केको छ । कारागारका निमित्त प्रमुख बबिता महतोले संक्रमितमध्ये सात जना कैदीबन्दी निको भएको जानकारी दिइन् । गत साउन २५ र २६ गते कोरोना परीक्षण नगराइकनै पुर्पक्षका लागि थुनामा ल्याएका चार जनाबाट कारागारमा कोरोना संक्रमण फैलिएको थियो । 'गत साउन २५ र २६ गते कोरोना परिक्षण नगराइकनै जिल्ला प्रहरी कार्यालयले चार जना अभियुक्तलाई थुनछेकको लागि सिरहा जिल्ला अदालतमा बुझाएको थियो, अदालतको आदेशबाट चार जना थुनुवालाई पुर्पुक्षका लागि यहाँ पठाइएको थियो', कारागार प्रमुख महतोले भनिन् 'त्यतिखेर स्वाब संकलन गरिएपनि उनीहरूको रिपोर्ट आएको थिएन्, पछि उनीहरू सबैमा कोरोना पुष्टि भयो ।' सोही चार जना अभियुक्तबाटै कारागारमा संक्रमण फैलिएको अनुमान गरिएको छ ।



साउन २६ गतेसम्म कारागारभित्र कसैलाई संक्रमण देखिएको थिएन । कारागारका झण्डै ८५ प्रतिशत कैदीबन्दीलाई कोरोना संक्रमण भएपछि उनीहरूलाई कहाँ राखेर उपचार गर्ने भन्ने बारे कारागार प्रशासन तथा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको लागि टाउको दुखाईको विषय भएको छ ।

## दुर्घटनामा सेनाका जमदारको मृत्यु

**लहान** । पूर्व पश्चिम राजमार्ग अन्तर्गत सिरहाको धनगढीमाई-१ स्थित मेदनी पुलमा मोटरसाइकल दुर्घटना हुँदा बुधबार सेनाका एक जमदारको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको को. २२ प २९४४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा

———बाँकी ३ पेजमा

## ज्यान मुद्धाका फरार एक जना पक्राउ

**लहान** । प्रहरीले ज्यान मार्ने उद्योग मुद्धाका फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी मिर्चैया नगरपालिका-४ का २० वर्षीय रंजित मुखियालाई पक्राउ गरेको हो । प्रहरीले उनलाई कल्याणपुर नगरपालिका-६ स्थित कमला बाँधबाट मंगलबार पक्राउ गरेको हो ।

भित्री पृष्ठमा

नेपालको चुनौति र गान्धीवाद
पेज २ मा

भ्रष्टाचार जोखिमका क्षेत्र
स्तम्भ : पालिका बहस
पेज ४ मा


फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# गरिबको चुलो बाल्ने जोडी 'महेश–सगिता'



**लहान** । मंगलबार लहानको महेश चौधरी र संगिता कर्माचार्यलाई खबर पुग्यो कि एक जना सुत्केरी महिलालाई कोभिडको महामारीले खान समस्या भएको छ । उनी राहत लिएर लहान नगरपालिका–५ स्थितउनको डेरा पुग्यो । राहत दियो । बुधबार फेरी महेश चौधरी र सखुवानन्काकरट्टि गाउँपालिकामा ७ घर डोम समुदायलाई राहत वितरण गर्न पुगे ।

विदेशमा काम नपाएर श्रीमानले पैसा नपठाउँदा अप्ठ्यारोमा परेकी ती सुत्केरी होस् वा सयौं गरिबको घरमा कोरोना भाइरसको महामारी बीच उनीहरूको जोडीले राहत वितरण गरेका छन् । उनीहरू राहत लिएर बस्ती बस्ती नै पुगेका थिए ।

कोरोना भाइरस(कोभिड–१९)को प्रकोप फैलिन थालेपछि सरकारले ०७६ चैत ११ गतेदेखि लकडाउन घोषणा गर्‍यो । लकडाउनको मारमा बढी दैनिक ज्यालादारी मजदुर वर्ग परे । उनीहरूको रोजगारी गुम्यो । दैनिक छाकटार्न धौंधौं भयो । संक्रमणको जोखिमबाट बच्न मास्क, सेनिटाइजर र साबुनले हातधुनु भन्दै जनचेतनामूलक सूचना प्रवाह हुनथालेको थियो ।

तर, गाउँ गाउँमा त्यस्तो केही प्रभाव पारेका थिएनन् । चैत १४ गते लहाननगरपालिका–२४ डाँडाटोलमा ६० घरपरिवारलाई साबुन र मास्क राहतमा वितरण गर्न पहिलो पटक चौधरी र कर्माचार्य पुगेका थिए । त्यहीबाट उनीहरूको राहत वितरण सुरूवात भएको थियो ।

'साबुन र मास्क वितरण गरेर घर फर्किए । तर, गाउँका बासिन्दाले सुनाएको कुरा उनको कानमा गुन्जिरह्यो,' चौधरीले भने, 'ती व्यक्तिले साबुन र मास्क त दिनुभयो तर, भोलीदेखि के खाने भनेर गुनासो पोखेका थिए ।' त्यही कुराले उनको मन छोयो र खाद्यन्न वितरण गर्न सुरू गरे । अहिले सम्म उनले ३ हजार परिवारलाई राहत पुर्‍याएका छन् । आफूहरूलाई राहत वितरण गर्न प्रेरणा दिने व्यक्ति सांसद प्रदीप गिरि रहेको उनले सुनाए । समस्याका बेला जनतामा गाउँ गाउँ गएर सहयोग गर्न गिरिले पहिले सुझाएको उनले बताए ।

लकडाउनका कारण प्रभावित भएका गरिबको घरपरिवारलाई राहत पुर्‍याउने चौधरी दम्पतिले दिनचार्य नै बनाएका थिए । हरेक दिन एउटा एउटा बस्ती पुग्थे । राहत बाड्थे । लहान नगरपालिकाको २४ वटै वडाका दलित, गरिब बस्तीको ३ हजार परिवारलाई उनीहरूले राहत वितरण गरिसकेका छन् । सबैलाई १० किलो चामल, एक किलो नुन, एक किलो दाल, ५ सय ग्राबम खानेतेल लगायत चना, मटर पनि बाडेका छन् । 'आफ्नै व्यक्तिगत आर्थिक खर्चमा राहत वितरण थालेपछि साथीभाई र विदेशमा बस्ने छोराछोरीले पनि आर्थिक सहयोग गरेको छ,' उनले भने, 'हामी अहिले पनि कोही समस्यामा परेको जानकारी पाउनासाथ राहत लिएर पुग्छौं ।' समस्यामा सरकारको मुखमात्रै होइन की हुनेखाने व्यक्तिहरूले मारमा परेकालाई सहयोग गर्न अग्रसर हुनुपर्ने उनी बताउँछन् ।

गाउँमा मात्रै होइन, उनले बजारमा काम गर्ने रोजगारी गुमाएका मजदुरलाई पनि राहत वितरण गरेका छन् । लकडाउनमा बजार बन्द भयो । सैलुन चलाउने मजदुर, बस बुकिङ्ग, रिक्साचालक, ठेला चलाउने परिवारलाई राहत वितरण गरेको उनीहरूले बताए । 'राहत वितरणका क्रममा आफुहरूमाथि राजनीति गरेको भन्दै टिकाटिप्पणी पनि भए तर, त्यो कुरालाई हामीले वास्ता गरेनौं,' उनले भने, 'हामीले यो भन्छौं राजनीति चुनावको बेला हुन्छ संकटमा जनतालाई सहयोग गर्नुपर्छ ।' चुनावमा भोट माग्न मात्रै होइन् संकट परेको बेलापनि नेताहरू नागरिकलाई सहयोग गर्नुपर्ने उनको भनाइ छ । चौधरी कांग्रेस लहान नगरपालिकाका पूर्व सभापति तथा कर्मचार्य नेपाल महिला संघकी केन्द्रिय सदस्य हुन् ।

# नेपालको चुनौति र गान्धीवाद

## बिपी कोइराला राजनीतिक अभिलेख

अघिल्लो अंकको बाँकी

बढ्दो जनसङ्ख्याको भौतिक आवश्यकता पूरा गर्न ठूलो परिमाणमा वस्तु र सेवाहरूको उत्पादन चाहिने हुँदा थोरै परिमाणमा उत्पादन गर्ने तरिका पुनः अपनाउनु त्यसै पनि अव्यावहारिक हुनजान्छ । चरम दरिद्रता र झन् त्यसमाथि थपिएको बढ्दो जनसङ्ख्याको चापको समस्यालाई सम्बोधन गर्न तत्कालै कुनै उपाय खोज्नु आवश्यक छ । यस्तो अवस्थामा पुरानो र थोत्रिएको उत्पादन प्रणालीतर्फ फेरि फर्किन खोजियो भने ठूलो अनर्थ हुनेछ । भौतिक दरिद्रता वा आर्थिक विपन्नताको समाधान अरू कुनै कुराले होइन, भौतिक सामग्रीको प्रचुर मात्रामा उत्पादन गरेर मात्र निकाल्न सकिन्छ । दरिद्रताको समाधानका लागि ठीकसँग उत्पादन बढाउने वैज्ञानिक ढङ्गको उत्पादन प्रणाली अवलम्बन गर्नु पहिलो सर्त हुन्छ । यहाँ प्रश्न उठ्छ, विकेन्द्रित उत्पादन प्रणालीले उत्पादन बढाउन मद्दत गर्छ ? त्यसले उत्पादन बढाउन मद्दत गर्छ भन्ने प्रमाणित भए कसैले त्यस्तो प्रणालीमाथि खोट लगाउन पाउँदैन । तर, विकेन्द्रित उत्पादन प्रणालीलाई कसैले अनुकूलता र उत्पादनको मापदण्डको कसीमा जाँचेर ठीक भएको साबित गर्नसक्छ ? मेरो विचारमा ठीक त्यसरी नै मार्क्सवादी शब्दावलीमा सामाजिक उत्पादन प्रणाली भनिने केन्द्रित उत्पादन प्रणालीलाई पनि कसैले त्यस्तो कसीमा ठीक साबित गर्न सकेको छैन । सौभाग्यवश विकेन्द्रीकृत उत्पादन प्रणालीका आधुनिक पक्षधरहरुले तिनका पूर्ववर्तीहरुको ग्रामीण उद्योगधन्दाप्रतिको मोह तथा पुनः जीवित गर्ने प्रयत्नलाई त्यागेका छन् र अब अल्डुअस हक्सलेले प्रतिपादन गरेको अवधारणालाई ग्रहण गर्न थालेका छन् । अल्डुअस हक्सलेको अवधारणाअनुसार उत्पादनमा न्यूनता आउन नदिनका लागि वैज्ञानिक अनुसन्धानबाट प्राप्त ज्ञानलाई विकेन्द्रित लघु उद्योग र उत्पादन प्रणालीको विकासका लागि प्रयोग गर्न सकिन्छ । अर्को शब्दमा भन्दा उनको अवधारणाअनुसार प्रविधि भनेको मौलिक विज्ञानलाई इच्छित उद्देश्यका लागि प्रयोग गर्नु वा कुनै व्यावहारिक उद्देश्यलाई विज्ञानद्वारा सम्पन्न गराउनु नै हो । वैज्ञानिकहरूलाई त्यस्तो जिम्मेवारी सुम्पियो भने विकेन्द्रित उत्पादन प्रणालीका लागि उपयुक्त नयाँ प्रविधिको विकास सम्भव छ । ठूलाठूला उत्पादन केन्द्रहरूलाई झन् ठूलो बनाउनका लागि मात्र होइन, लघु उत्पादन एकाइहरूलाई व्यावहारिक र उत्पादनमुखी बनाउनका लागि पनि वैज्ञानिक प्रविधिको प्रयोग गर्न सकिन्छ । हामीले के बुझ्नुपर्छ भने प्रविधिको उपयोग उत्पादनका एकाइको आकारलाई निश्चित गर्ने मौलिक उपाय भने होइन । हाम्रो अर्थव्यवस्थालाई सुनिश्चितता प्रदान गर्ने तत्त्वहरु वा केन्द्रीय उत्पादन प्रणालीलाई उकास्ने तत्त्वहरु सबै नै हाम्रा मान्यता र सामाजिक शक्तिसङ्गठनका प्रतिबिम्ब हुन् । तर, ती मान्यता र सामाजिक शक्तिसङ्गठन मानवको यथार्थ प्रकृति र नियतिसँग बेमेल छन्' (फ्रेड एच. ब्लुम) । उल्लेखित धारणामा कुनै तार्किक त्रुटि छैन । तर जबसम्म यो धारणा व्यावहारिक रूपमा प्रमाणित हुँदैन, तबसम्म यो एउटा अनुमान र विवादका लागि सफल तर्कजस्तो मात्र रहन्छ ।

मैले एकचोटि प्रधानमन्त्रीको हैसियतले नेपालको दोस्रो पञ्चवर्षीय योजनाको छलफलमा भाग लिएको थिएँ । मलाई आर्थिक विषयको विशेष ज्ञान छैन । त्यसो हुँदा त्यस छलफलमा मैले आफ्ना आर्थिक नीतिका सिद्धान्तहरु र तिनका सामाजिक–आर्थिक अभिप्रायलाई व्यक्त गर्नुका अलावा लगानीका प्राथमिकताहरूलाई निश्चित गर्ने, साधनहरूको मूल्याङ्कन गर्ने र तिनको सङ्गठन गर्ने कुरामा मात्र सीमित रहनुपर्‍यो । त्यस बैठकमा मलाई राजनीतिक दृष्टिले बडो घतलाग्दो कुरा के लाग्यो भने त्यस बहसमा भाग लिने विभिन्न पक्षका विशेषज्ञहरूका विचार एकपक्षीय र नितान्त भिन्न थिएनन् । त्यहाँ विचार राख्नु वा अनुमोदन गर्नुलाई तालमेल मिलाएको अर्थमा बुझ्न सकिन्थ्यो । किनभने त्यहाँ भाग लिने विशेषज्ञहरूले योजनाको बृहत् उद्देश्यलाई आत्मसात् गर्न सक्नुपर्दथ्यो । रूढीवादीहरु त यथास्थितिकै सोच राख्थे, तर प्रगतिवादीहरूले त देशमा उपलब्ध स्रोत–साधनहरूको पक्षलाई विचार गर्न सक्नुपर्दथ्यो । त्यसदिन नै मलाई व्यावहारिक महत्त्वका आर्थिक प्रश्नहरूका सम्बन्धमा 'ठूलो कि सानो परिमाणको आर्थिक विकास' भन्ने विरोधी सिद्धान्तहरु केवल अर्थहीन रहेछन् भन्ने प्रस्ट भएको थियो । ठूला उत्पादन प्रणालीको मोहमा रहेका, मै हुँ भन्ने समाजवादीले पनि नेपाली आर्थिक जीवनका तथ्यहरुसँग जुझ्नुपर्छ र उनीहरुले पनि देशलाई पछौटेपनको अवस्थाबाट एक डेगमै पूर्ण विकासको अवस्थामा पुर्‍याउने काल्पनिक ठूला–ठूला योजनाहरूको साटो व्यावहारिक र साधारण किसिमका योजनाहरुबाट सन्तुष्टि लिनुपर्छ । त्यस्ता योजनाहरूमा गाउँ–गाउँमा रहेको हलोको अझै महत्त्व रहनेछ । तसर्थ, कसरी हलोको ठाउँमा ट्याक्टर राख्ने भन्ने होइन, हलोबाट कसरी बढीभन्दा बढी आर्थिक लाभ उठाउने भन्ने समस्या हो । यसलाई हेर्दा ठूला केन्द्रीकृत र लघु विकेन्द्रीकृत उत्पादन प्रणालीका आपसमा कट्टर विरोधका पक्षपातीहरु दुवै अहिले अप्रासङ्गिक छन् । किनभने तीमध्ये एउटा अति अव्यावहारिक छ भने अर्कोचाहिँ मुलुकलाई विकासको एउटा खास स्थितिमा सदाका लागि अड्याएर राख्न खोज्ने पूरै पुरातनवादी छ । तीमध्ये एउटालाई वास्तविकताको बोध छैन भने अर्कोलाई इतिहासको बोध छैन । अविकसित समाजको आर्थिक वास्तविकता परम्परागत प्रविधि र बेरोजगारीको सम्मिश्रण हो । यस्तो परिस्थितिले आार्थिक विकासको मूल आधार 'राष्ट्रिय बचत' को परिमाणलाई नगण्य बनाएर आर्थिक व्यवस्थालाई अवरूद्ध बनाइदिएको छ । त्यसो हुनाले अवरुद्ध आर्थिक स्थितिलाई पहिलो धक्का दिएर विकासको पक्षमा अगाडि बढाउनका लागि सबैभन्दा पहिले उत्पादनमा सुधार गर्नु आवश्यक हुन्छ । त्यस्तो सुधार गर्नका लागि तीनवटा काम गर्नुपर्छ :

१) बढी पुँजी लाग्ने उद्योगधन्दाको साटो बढी श्रम लाग्ने उद्योगधन्दालाई प्रोत्साहन दिएर देशमा उपलब्ध श्रमशक्तिको बढीभन्दा बढी उपयोग गर्नु,

२) उपलब्ध प्रविधिको विवेकपूर्ण प्रयोग गरेर उत्पादनका परम्परागत साधनहरूको क्रमिक सुधार गर्नु,

३) किसानहरूलाई सस्तो ऋण, असल बीउ, मलखाद र सिँचाइको सुविधा आदि उपलब्ध गराएर कृषि उत्पादन बढाउने योजना कार्यान्वयन गर्नु ।

यी उपायहरुलाई 'गान्धीवादी उपाय'को संज्ञा दिनु गम्भीर भूल हुनेछ । प्रविधिको उद्देश्य विकासको क्रम स्वभावतः परम्परागतबाट मध्यम र त्यसबाट पूर्ण विकासतर्फ उन्मुख हुनु हो । एउटा कठोर राज्य वा हुकुमी शासनले विकासको पछौटेपनबाट मध्यम अवस्थालाई समेत नाघेर एकैचोटि पूर्ण विकासको अवस्थामा पुग्नका लागि आर्थिक प्रगतिको गतिलाई बलपूर्वक तीव्र बनाउन खोज्छ भने तब व्यक्तिको मर्यादा र स्वतन्त्रताका बारे पनि प्रश्न उठ्न थाल्छ । यस अवस्थामा प्रजातान्त्रिक र एकतन्त्रीय योजना तथा कार्यप्रणालीबीचका मतभेद देखिन थाल्छन् । त्यस्ता मतभेद अनेक दृष्टिकोणबाट देखा पर्छन् । एउटा विचारधाराले भन्छ, 'आर्थिक विकासको एउटा निश्चित ऐतिहासिक पथलाई कहिल्यै छोट्याउन सकिँदैन' ( डब्लु. डब्लु. रोस्टोवको विकासका पाँच चरण) । यस विचारधाराअनुसार रूसले हासिल गरेको आर्थिक विकासको कथित् चमत्कार एउटा भ्रम मात्र हो । रूसमा उपलब्ध भौतिक–प्राकृतिक साधन एवम् जनशक्तिका कारण यस ६० वर्षको अवधिमा कम्युनिस्ट रूसले हासिल गरेको विकासको वर्तमान स्थितिमा त कुनै अनावश्यक कष्ट नगरी र रूसी नागरिकहरुको व्यक्तिगत स्वतन्त्रता नगुमाइकन नै स्वाभाविक किसिमले पुग्न सकिन्थ्यो । अमेरिकालाई पनि आफ्नो आखिरी निर्णायक लक्ष्यमा पुग्न सन् १८६० देखि १९१४ सम्मको ६० वर्ष नै लागेको थियो । त्यस्तै किसिमको अर्को धारणाअनुसार ऐतिहासिक

———बाँकी ३ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्उ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्उ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

## दुर्घटनामा...

श्रीबक्स गुल्म अठुंगे व्यारेक म्याग्दीमा कार्यरत जमदार इटहरी उपमहानगरपालिका-४ का पेशल पाण्डेको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते उनको उपचारका लागि लैजादै गर्दा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## नेपालको...

रूपरेखाकै आधारमा समानान्तर आर्थिक विकास हुन्छ, तर उत्पादनको शैलीमा सुधार तथा श्रमको प्रचुर उपयोगजस्ता उपायद्वारा विकासको गतिलाई योजनाबद्ध किसिमले तीव्रतर बनाउन भने सकिन्छ । यस्तो धारणामा आधुनिक गान्धीवादीहरु, मध्यमस्तरीय प्रविधिका प्रसिद्ध व्याख्याता शुमाखर, एसियन ड्रामाका लेखक गुनार मिर्डाल तथा विदेशका अरू कतिपय विचारकहरु एउटै थलोमा उभिएका हामी पाउँछौं । तर, पश्चिमी विदेशी विचारकहरु र गान्धीवादीहरु मध्यमस्तरीय प्रविधिका समर्थक भए पनि उनीहरूबीच मौलिक भिन्नता छ । यी विदेशी विचारकहरु मध्यमस्तरीय भन्ने शब्दको प्रयोग गरेर अस्थायी चरित्रको प्रविधिमाथि जोड दिन्छन् । उनीहरूले परिवेसको बाध्यतालाई स्वीकार गरेर त्यस्तो प्रविधिलाई तत्कालीन उपायका रूपमा मात्र स्वीकार गरेका हुन् । तर, गान्धीवादीहरुका लागि मध्यमस्तरीय प्रविधिको प्रयोग ऐतिहासिक बाध्यता नभई एउटा आदर्श स्थिति हो । पश्चिमी विचारकहरुका दृष्टिमा विकेन्द्रित उत्पादन प्रणाली नै अविकसित समाजको वास्तविक स्थिति भएकाले विकासको यात्रा प्रारम्भ गर्नुपर्ने प्रस्थानबिन्दु पनि त्यही हो । त्यस्तो अविकसित अवस्थामा रहेको समाजका उपलब्ध साधनहरूको वैज्ञानिक ढङ्गले उपयोग गर्नका लागि उनीहरूको ध्यान गएको छ । गान्धीवादीका लागि भने विकेन्द्रीकरण भनेको उनीहरूले परिकल्पना गरेको अहिंसात्मक समाजको आदर्श र वाञ्छनीय जीवनपथ हो । जयप्रकाश नारायणले यस्तो गान्धीवादी समाजलाई कृषि-औद्योगिक समाजवादको संज्ञा दिएका छन् ।

सारांशमा, मैले के भन्न खोजेको हो भने गान्धीवादका दुई मूलभूत सिद्धान्तहरूमध्ये पहिलो 'अहिंसा' नेपालमा राजनीतिक अस्त्रको रूपमा व्यावहारिक छैन र, दोस्रो विकेन्द्रीकरणको भने केही प्रासङ्गिकता छ । तर, मलाई यी दुई मूलभूत सिद्धान्त दुई स्वतन्त्र स्थापनाको रूपमा अलग रहन सक्नेमा शङ्का लागिरहेको छ । मेरो धारणामा गान्धीवादका यी दुवै सिद्धान्त एकअर्कासँग अन्योन्याश्रित बनेका छन् र एक्लाएक्लै रहनै सक्तैनन् । वास्तवमा त्यसका लागि उपयुक्त आर्थिक-राजनीतिक जग नबसाली अहिंसात्मक समाजको परिकल्पना गर्न सकिँदैन । मेरा सामुन्ने एउटा प्रश्न छ, आर्थिक र राजनीतिक आधुनिकीकरणका यी दुई पक्षलाई गान्धीवादमा छुट्याउन सकिन्छ ? मेरो विचारमा गान्धी आफ्नो तीक्ष्ण तार्किक बुद्धि एवम् अनुभवहरूको आधारमा आर्थिक र राजनीतिक आधुनिकीकरणबाट अहिंसात्मक समाजको निर्माण गर्न सकिन्छ भन्ने विश्वदर्शनको प्रतिपादन गर्न पुग्नुभएको थियो । त्यस दर्शनमा समाजको एउटा समग्र र सुव्यवस्थित तस्बिर छ । तर, गान्धीवादको यस्तो समग्रवादी धारणालाई स्वीकार नगर्ने र त्यसका तत्त्वलाई छुट्ट्याउने हो भने त कुनै न कुनै अंशमा सबै मानिस नै गान्धीवादी हुनपुग्छन् ।

भारतमा अहिलेसम्म प्रजातान्त्रिक संविधान सफलतापूर्वक व्यवहारमा आइरहेको भए पनि अफ्रिका वा एसियालाई समग्रमा प्रतिनिधित्व गर्ने दृष्टान्त त बन्न भारत सक्तैन तर, भारत गान्धीवादको प्रामाणिकतालाई जाँच्ने एउटा थलो भने बन्नसक्छ । वर्तमान हिन्दुस्तानको तस्बिर गान्धीले परिकल्पना गरेको रामराज्यको ठीक विपरीत छ । हिन्दुस्तानको कुनै क्षेत्रमा रामराज्यको आदर्श पूर्णरूपले दूषित र अवहेलित भएको छ भने त्यो राजनीतिक र सामाजिक जीवनमै भएको छ । वर्तमान युगमा एउटा ठूलो घटनाका रूपमा चामत्कारिक किसिमले गान्धी प्रकट नभएका भए भारतीय सार्वजनिक जीवनमा व्याप्त भ्रष्टाचार र अनैतिकतालाई सायद यति गम्भीरताका साथ लिइने थिएन । गान्धीवादको हविगत आफ्नो उद्गमस्थलमै के भयो ? सामाजिक तथा राजनीतिक जीवनमा गान्धीवादको प्रयोगको सुरुवात १५ अगस्त १९४७ को मध्यरातभन्दा कुनै अर्को राम्रो र उपयुक्त घडीमा हुन सक्थ्यो ? त्यसको आरम्भ हिन्दुस्तानीकै तत्त्वावधान र हिन्दुस्तानभित्रभन्दा अरू कसैको तत्त्वावधान वा स्थानमा उपयुक्त हुनसक्थ्यो ? त्यस कार्यको उठान गर्नका लागि गान्धीका अनुयायीभन्दा अरू को योग्य थिए ? हिन्दुस्तान स्वतन्त्र भएको भोलिपल्ट गान्धीका लागि जीवनको सबैभन्दा सुखद् दिन हुनुपर्थ्यो, तर, त्यही दिन उहाँका लागि सबैभन्दा तिक्ततापूर्ण हुनपुग्यो ? गान्धीले तीन दशकसम्म बडो प्रयत्न गरेर खडा गर्नुभएको संस्था कांग्रेसलाई त्यसै दिन के भयो ? गान्धीको प्रेरणादायी नेतृत्वको मातहतमा रहेर काम गर्ने अवसर पाएका उनका सहयोगी र अनुयायीहरूमाथि नै उहाँबाट प्राप्त ज्ञान र आदर्शलाई जीवनमा चरितार्थ गर्नका लागि भर पर्न सकिएन भने अरू कसमाथि भर पर्न सकिएला ? हिन्दुस्तानमा गान्धीकै अनुयायीहरूले गान्धीवादमाथि विश्वासघात गरे भनेर यी प्रश्नहरूलाई पन्छाउन खोज्नु हलुको तर्क मात्र हुनेछ । त्यहाँ गान्धीवादमाथि विश्वासघात गरिएकै हो भने त्यति सजिलैसँग र यति ठूलो हदसम्म विश्वासघात गर्न कसरी सम्भव भयो भन्ने अर्को प्रश्न पनि उठाउनैपर्छ । तसर्थ, यसरी प्रश्नलाई पन्छाउनु र उनका अनुयायी वा तमाम राष्ट्रलाई नै दोष थोपर्नुको साटो गान्धीवादभित्रै विपरीतार्थी तत्त्व निहित भए-नभएको पारख गर्न गान्धीको दर्शनलाई वैज्ञानिक किसिमले परीक्षण गर्नु ज्यादा सार्थक कार्य हुनेछ । त्यसका आधारमा हामी गान्धीवाद अत्यन्त अव्यावहारिक दर्शन हो र यसले सामाजिक परिवर्तनको नियम र मानिसका स्वभावको ख्याल नराखेको कारण यो असफल भएको हो भन्न सक्तैनौं ? यस समय हिन्दुस्तानमा गान्धी शताब्दी निक्कै धुमधामका साथ मनाइँदै छ । हामी उहाँलाई कर्मकाण्डी किसिमका समारोहको आयोजना गरेर खोक्रा शब्दबाट सम्मान प्रकट गर्दैछौं र त्यसपछि उहाँका प्रत्येक आदेशलाई भङ्ग गर्न स्वतन्त्र भएको अनुभव गर्छौं ।

*क्रमश :*

actionaid NEPAL

## खाद्यान्न तथा कोभिड-१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः १४ सेप्टेम्वर, २०२० ( २९ भदौ, २०७७)**

दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम (Emergency Response Plan) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरूले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति १८ सेप्टेम्वर २०२० (०२ असोज २०७७), साँझ ३:00 बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज ( चामल ,गहुको पिठो, सर्वोत्तम पिठो, चना मटर, मुसुरो दाल, धारा तेल र नुन ) | १,४५० |
| २. | कोभिड १९ रोकथाम किट ( डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगा धुने साबुन र नुहाउने साबुन, ) | १,४८० |
| ३. | माथि उल्लेखित समानहरूको ढुवानी र प्याकेजिङ सहितको मुल्य सिरहाको लहानसम्म | |

शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान-१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कार्यलयबाट बिहान १०:०० बजे देखि दिउँसो ३:०० बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु**

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय, लहान-१४,**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
प्रदेश नं. २
सम्पर्क नं. ०३३-५६१२९९,
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
फोन नं. ०२१-४७०५७५, ४७१६३७
मोवाईल नं. ९८०४०६८८५५

नोट :- बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।
*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सर्म्पक राख्न सकिनेछ ।)*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

लहानपोस्ट LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# भ्रष्टाचार जोखिमका क्षेत्र

## पालिका बहस

पूर्णचन्द्र भट्टराई



ऐतिहासिक रुपमा संविधानसभाबाट जारी भएको नेपालको संविधानले नेपाललाई संघीय गणतन्त्रमा रुपान्तरण गरेको छ । नेपाली जनताले उच्च सार्वभौमसत्ताको प्रयोग गर्दै जारी गरेको संघीय संविधानले तीन तहको सरकारको स्थापना गरेको छ । संविधानबमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानीय तहमा सरकार क्रियाशील छन् ।

सुशासनलाई असल शासनका रुपमा बुझ्ने गरिन्छ । जसरी व्यक्तिको पहिलो विद्यालय घर हो, त्यसैगरी सुशासनको पहिलो स्थान स्थानीय सरकारहरु हुन् । पारदर्शिता, सार्वजनिक उत्तरदायित्व, प्रभावकारिता, कानुनको शासन तथा भ्रष्टाचार नियन्त्रणलाई सुशासनका आधारभूत तत्त्वका रुपमा लिइन्छ । स्थानीय तहका सरकारले सुशासनका यी मान्यता आत्मसात् गरी असल शासनको जग बनाउन सक्छन् ।

संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरि सुशासनको प्रत्याभूति गर्ने नीति अवलम्बन गरेको छ ।

**स्थानीय तहको जिम्मेवारी**

संविधानले जनता शक्तिशाली हुने गरि जनताको नजिक सरकारका रुपमा स्थानीय तहका सरकारको व्यवस्था गरेको हो । स्थानीय सरोकारका विषय, सेवा प्रवाह र विकास व्यवस्थापन गरि स्थानीय जनताको चाहनाअनुरुप सुशासन र विकास गर्दै लोकतन्त्रको फल प्रवाह गर्ने जिम्मेवारी स्थानीय तहका सरकारको काँधमा आएको छ । यसको सफलताबाट नै नेपाली जनताको परिवर्तनको चाहनाको अनुभूत एवं सार्थक रुपान्तरण हुन सक्दछ । संविधानले स्थानीय तहका एकल अधिकारका क्षेत्रमा स्थानीय शासकीय प्रबन्धका साथै सेवा प्रवाह, विकास निर्माण, स्थानीय विवाद व्यवस्थापन, नागरिक परिचालन र समन्वय प्रमुख छन्। विषयगत रुपमा हेर्दा आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय पूर्वाधार, कृषि प्रसार, सामाजिक विकास र संरक्षण, संस्कृतिजस्ता विषय समेटिएका छन् ।

उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोत साधनको प्रबन्ध गर्नका साथै कार्यसम्पादनका लागि आवश्यक प्रशासनिक संरचनासमेत आफैंले निर्माण गर्न सक्ने अधिकार प्रदान गरेको छ । स्थानीय व्यवस्थापिकाका रुपमा सभा रहेका छन्। न्यायिक समितिको व्यवस्थासमेत छ । कार्यपालिकाले आफ्नो शासकीय प्रबन्धका साथै बजेट तर्जुमा, कर तथा स्रोतको संकलन, योजना कार्यान्वयन, स्थानीय सेवा प्रवाहको कार्य गर्छन् । यस्तो कार्यसम्पादनका लागि कानुनहरुको व्यवस्था भएका छन् । आर्थिक कार्यप्रणाली सुनिश्चित गरिएको छ ।

व्यवस्थापिका सभाबाट बजेट पारित गर्ने विधि र प्रक्रिया विधिसम्मत रुपमा निर्धारण भएका छन्, विधायन प्रणाली बनेको छ । यसैगरी विधि र प्रक्रियासम्मत रुपमा कार्यपालिका चल्न लगाउने सभाको महत्त्वपूर्ण जिम्मेवारीमा पर्छ । कानुन पास गरेर, खर्चमा प्रष्टीकरण सोधेर, सभाका समितिहरुले कार्यपालिकाको कार्यसम्पादनको जानकारी प्राप्त गर्ने र ठीक तवरले चलाउन लगाउने जिम्मेवारीसमेत छ । सभाबाट नै न्यायिक समिति बन्दछ, यसको निर्णयमा अदालती पुनरावलोकन हुन सक्ने व्यवस्था छ ।

**भ्रष्टाचारजन्य जोखिमका क्षेत्र**

भ्रष्टाचार शब्दमा सानो आकारको भए तापनि तर परिणाममा विकराल दिन्छ। सुशासन राम्रो शासन चलाउने प्रणाली हो । चुम्बकका दुई ध्रुवजस्तै भ्रष्टाचार र सुशासन एकै स्थानमा रहँदैनन् । भ्रष्टाचारको उपस्थितिमा सुशासन अपेक्षा गर्न सकिन्न । भ्रष्टाचार शक्ति र सत्ताबाट निसृत हुन्छ । शक्ति र स्रोतको विन्याससँगै स्थानीय तहमा पनि भ्रष्टाचारले आफ्नो जरा द्रुत रुपमा फैलाउन थालेको छ ।

स्थानीय तहमा भ्रष्टाचारका जोखिम क्षेत्रलाई चार भागमा हेर्न सकिन्छ । पहिलो, नीति निर्माण, दोस्रो आयरराजस्वका क्षेत्र, तेस्रो खर्चको क्षेत्र र चौथो नियमनकारी कार्य । भ्रष्टाचारजन्य उजुरीहरुमध्ये शिक्षा, स्वास्थ्य र स्थानीय विकास निर्माण, सामाजिक सुरक्षा भत्ताको वितरण र वित्तीय अनुशासनको उल्लंघनजस्ता विषय बढी देखिन्छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरुका हिसाबले स्थानीय तहसम्बन्धी यी विषयहरुले सर्वथा बढी अर्थात् करिब एक तिहाइ रहेको देखिन्छ । यसैगरी महालेखापरीक्षकको प्रतिवेदनले अन्य सरकारी अड्डाभन्दा स्थानीय तहको बेरूजु दोब्बरभन्दा बढी देखाएको छ ।

कतिपय पदाधिकारीहरुमा जननिर्वाचित भएपछि कुनै कानुनले छुँदैन भन्ने दम्भ देखा पर्न थालेको छ । कानुनविपरित सार्वजनिक जग्गा र सम्पत्ति हस्तान्तरणका सिफारिस, मापदण्ड हेरफेर गरि नक्सा पास गर्ने, बजेटमा नै नभएको कार्यक्रममा खर्च गर्ने, दलीय आधारमा उपभोक्ता समितिका गठन र उपभोक्ता समितिको नाममा ठेकेदारी प्रणाली, नियमविपरीत ठेक्का व्यवस्थापन, कार्यपालिकाको निर्णय भएपछि जे पनि गर्न मिल्छ भनी कर्मचारी तन्त्रलाई दबाब दिई खर्च गर्ने प्रवृत्ति मौलाउँदै जानु, जथाभावी कर्मचारीको भर्ना र सल्लाहकारहरुको भुन्ड खडा गरी तलब तथा सुविधा उपलब्ध गराउने आदि जस्ता विकृति सार्वजनिक हुने गरेका छन् । स्थानीय ढुंगा, गिट्टी, बालुवालगायतका स्रोतसाधनको उपयोगमा अनियमितता, प्राकृतिक स्रोतको अतिदोहन, काममा ढिलासुस्ती, जिम्मेवारी नलिने, योजना र वित्तीय अनुशासनविपरीत पेस्कीको रुपमा खर्च गरे सभाबाट अनुमोदन गराउने (५० भन्दा बढी तह) प्रवृत्ति, झारा टार्ने गरी आन्तरिक लेखा परीक्षण गर्ने प्रवृत्ति, राजनीतिक दलहरुबीच मिलेमतोमा जे पनि गर्न मिल्छ भन्ने भावनाले प्र श्रय पाउनु आदि विकृतिहरु दृश्यमा आउन थालेका छन् ।

**सुधारका क्षेत्र**

स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गरी सुशासनको स्थापनामा स्थानीय तहको कार्यपालिका, व्यवस्थापिका (सभा) र न्यायिक समिति गरी तीनवटै अंगको महत्वपूर्ण भूमिका रहन सक्छ ।

**कार्यपालिका**

स्थानीय तहको प्रशासनिक प्रणाली र संरचनासम्बन्धी पूर्वाधारहरुको निर्माण, स्थानीय सरकारप्रति उत्तरदायी प्रशासनिक प्रणालीको स्थापना, सार्वजनिक प्रशासनलाई सरल, सहज र सेवाग्राही अनुकूल र प्रविधिमैत्री बनाउने, कार्यसम्पादनमा निर्धारित प्रक्रियाको अवलम्बन, करको भारभन्दा दायरामा जोड, आफ्ना मतदाताको हित, सहभागिता र आवाजको सम्बोधन, खर्च गर्दा स्रोतको कुशल प्रयोग, कार्यसम्पादनमा प्रभावकारिता र पारदर्शिताको अवलम्बन, स्वार्थ जोडिएका विषयमा आफूलाई अलग गर्ने, नागरिकको आवाजको सुनुवाइ, नवीनतम सोचको विकास र प्रयोग, बाहिर रहन आदि कार्यपालिकाको जिम्मेवारीमा पर्दछ ।

स्थानीय सरकार नै तल्ला तहसम्म भ्रष्टाचार अन्त्य र सुशासनमा काम गर्ने वास्तविक धरातलीय सरकार हुन् । संविधानले तोकेका शिक्षा, स्वास्थ्य, सुरक्षित खानेपानी, समावेशी विकास र सामाजिक संरक्षणजस्ता मौलिक हकको कार्यान्वयनमा अग्रगामी रुपमा आउन जरूरी छ । आफूले गरेको कामको सवालमा उत्तरदायित्व लिने र जानकारी गराउने, सदाचारको प्रवर्द्धन गरी भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको अवलम्बन गर्ने, नागरिकका गुनासोको उचित सम्बोधन गर्ने, यसैमा नै स्थानीय सुशासन अडिएको हुन्छ । स्थानीय तहका कार्यपालिकीय समितिहरु, राजस्व परामर्श समिति, योजना तर्जुमा समितिलगायतका विषयगत समितिहरुको संस्थागत क्रियाशीलता सुशासनका लागि उत्तिकै महत्त्वपूर्ण रहन्छ । सम्पत्ति विवरण सार्वजनिक र आचारसंहिता, सुविधामा सजगता तथा भड्किलोपनाबाट टाढा रहनु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

**व्यवस्थापिका**

बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, स्थानीय तहको अधिकारको क्षेत्र भित्रका कानुनहरु तर्जुमा गर्दा आम नागरिकसँग बढीभन्दा बढी परामर्श गरी विभेदरहित तथा विवादरहित कानुनको निर्माण गर्ने र कार्यान्वयनको सूक्ष्म रुपमा निगरानी गर्ने कार्य स्थानीय सभाको हो। वित्तीय निगरानी र उत्तरदायित्व गराउने महत्त्वपूर्ण सभाको लेखा समितिलाई क्रियाशील गराउने, सार्वजनिक कार्यसम्पादनको रेखदेखमा सुशासन समिति प्रभावकारी बनाउने, स्थानीय कानुन तर्जुमा र परिमार्जन गर्ने क्रममा विधायन समितिले आधिकाधिक नागरिक परामर्श आवश्यक हुन्छ ।

**न्यायिक समिति**

स्थानीय विवाद निरुपणका लागि गठित न्यायिक समितिलाई तालिम तथा क्षमता अभिवृद्धि गरि प्रभावकारी बनाउनुपर्छ । केही तहहरुमा न्यायिक समिति बढी अदालती ढाँचामा जान खोजेको, मेलमिलापभन्दा फैसलाद्वारा विवाद निरुपण गर्ने अभ्यासतर्फ ढल्कन लागेको हो कि भन्ने देखिन थालेको छ । न्यायिक समितिको मूल उद्देश्य हारजित होइन, जितजित अर्थात् मेलमिलाप नै हुनुपर्छ ।

स्थानीय सरकार नै तल्ला तहसम्म भ्रष्टाचार अन्त्य र सुशासनमा काम गर्ने वास्तविक धरातलीय सरकार हुन् । निर्वाचित अवधिभर मेरो गोरूको बाह्रै टक्का, मैले भनेको जस्तै हुनुपर्छ भन्ने दम्भकारी सोच, शक्तिको दुरूपयोग, अनिर्वाचित दलका टाठाबाठा र अदृश्य शक्तिप्रति निर्वाचित पदाधिकारी नतमस्तक हुनु र कार्यप्रणालीमा अपारदर्शिताले यसलाई मौलाउने मौका दिन्छ। स्थानीय तहमा बढेका बेथितिमा पर्याप्त ध्यान पुग्न नसक्दा भविष्यमा ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्छ ।

भ्रष्टाचारविरूद्धको काम अब स्थानीय तहबाटै सुरू गरिनुपर्दछ। स्थानीय तहले शैक्षिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत्सँग सघन सहकार्य गर्न सक्छ। जनताको बीचबाट नै भ्रष्टाचारमुक्त अभियान चलाउनुपर्छ। यसका निमित्त शिक्षा प्रणालीमा सुधार, नैतिक शिक्षामा जोड, नागरिक शिक्षा तथा सामाजिक सचेतनामूलक अभियान जरूरी पर्दछ ।

भ्रष्टाचार नेपाली समाज र राज्य व्यवस्थाको एक गम्भीर रोग बनिसकेको छ। भ्रष्टाचार बढ्नुको एउटा प्रमुख कारण दण्डहीनता हो । कानुनको कमजोर कार्यान्वयन, नैतिकतामा बढ्दो ह्रास, राष्ट्रप्रतिको लगावमा कमी, शासकीय चरित्र, सामाजिक परिवेश आदिले यसलाई मौलाउने वातावरण दिन्छ। मुलुकमा देखिएको महँगो निर्वाचन र राजनीतिको व्यवसायीकरणले भ्रष्टाचारलाई उर्वरता प्रदान गरेको छ। कडा कानुनले मात्र भ्रष्टाचार नियन्त्रण गर्दैन । भ्रष्टाचार कानुनी रुपमा अपराध भए तापनि यसले सामाजिक ग्रहणशीलता बढ्नु मुलुकका लागि गम्भीर विषय हो । कानुनको व्यवहारमा पालना गर्ने संस्कृतिको विकास आवश्यक हुन्छ ।

भ्रष्टाचारको जालोबाट समाज र मुलुकलाई जति छिटो मुक्त गर्न सक्छौं, त्यति चाँडो समृद्धिको लक्ष्य प्राप्त गर्न सकिन्छ । भ्रष्टाचार नियन्त्रण मात्र गर्न सके परिवर्तन हाम्रै जीवनकालमा सम्भव छ । यसका लागि व्यक्तिको आचरण, व्यवहारमा परिवर्तन आवश्यक छ । त्यसैले भ्रष्टाचारविरूद्धको अभियान घरघर र समुदाय समुदायबाटै आरम्भ गर्नुपर्छ । *अन्नपूर्ण पोस्टबाट*

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)